मिति :२०८१/०९/०९
समय : बिहान ०८ बजे
स्थान: गाउँ कार्यपालिकाको कार्यालय

उल्लिखित मिति, समय र स्थानमा इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष श्री देवकृष्ण पुडासैनीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| | | |
|---|---|---|
| श्री देवकृष्ण पुडासैनी | इन्द्रसरोवर गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| श्री उमा कुमारी लामा | इन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष | -उपाध्यक्ष |
| श्री सुवास थापा मगर | १ न. वडा अध्यक्ष | -सदस्य |
| श्री सुमन श्रेष्ठ | २ न. वडा अध्यक्ष | -सदस्य |
| श्री प्रताप भोम्जन | ३ न. वडा अध्यक्ष | -सदस्य |
| श्री चन्द्र कुमार बल | ४ न. वडा अध्यक्ष | -सदस्य |
| श्री दुतराज तितुङ | ५ न. वडा अध्यक्ष | -सदस्य |
| श्री लिला सुनार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री शोभा कामी | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सानुकान्छी स्याङतान | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सावित्री सुनार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री रामकृष्ण कामी | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सम्झना परियार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री रामचन्द्र लामा | प्रमुख प्रशासकीय अधिकृत | -सचिव |

कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

१. विपद् व्यवस्थापनको विनियोजित बजेट वडागत बाँडफाँड गर्ने सम्बन्धमा:

प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०८१ असोज ११ र १२ गतेको बाढी र पहिरोबाट भएको क्षतिको पुनर्स्थापनाका लागि उपलब्ध भएको बजेट वडागत रुपमा तपसिल बमोजिम बाँडफाड गर्ने निर्णय गरियो।

| सि. नं. | गाउँपालिकाका वडाहरु | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ | १२ लाख | |
| २ | वडा नं. २ | २० लाख | |
| ३ | वडा नं. ३ | ३१ लाख | |
| ४ | वडा नं. ४ | १८ लाख | |
| ५ | वडा नं. ५ | १० लाख | |

२. गाउँ सभाको मिति तय गर्ने सम्बन्धमा:

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ सभा (हिउँदे अधिवेशन) मिति २०८१ पौष २६ गते आह्वान गर्ने निर्णय गरियो।

३. दम्की सडकको आई.ई.ई. सम्बन्धमा:

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं ३ स्थित दम्की सडकमा आई. ई.ई. गर्नका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

४. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा:

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको करार अवधि २०८१ पौष मसान्तमा समाप्त हुने भएकोले सम्पूर्ण करार सेवामा कार्यरत कर्मचारीहरुको करार अवधि मिति २०८२ असार मसान्तसम्मका लागि थप गर्ने निर्णय गरियो।

५. झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा

प्रस्ताव नं ५ माथि छलफल गर्दा स्थानीय पूर्वाधार विकास विभागबाट प्राथमिकताका आधारमा आवश्यक स्थानहरुमा झोलुङ्गे पुल माग गर्नका लागि पत्राचार भई आएकोले तपसिलका झोलुङ्गे पुलहरुलाई आवश्यकताका आधारमा प्राथमिकताको क्रम निर्धारण गरी माग गर्ने निर्णय गरियो।

तपसिल

क. दोभान बिरुवाडाँडा

ख. नागमार ढोडेनी छापखोरिया पाखा

ग. मार्खु बजार सर्बाङ

घ. कलकीं गोलढुङ्गा सुकौरा गुम्बा

ङ. छत्रबाझ टेकर

च. छेपारे खोलापारी

छ. गणेश गौडा सिम्लेटार

ज. अदुवारी ज्यामिरे

६. सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धमा:

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकाको विभिन्न क्षेत्रमा सार्वजनिक जग्गा अतिक्रमण गर्ने, घर टहरा बनाउने जस्ता अवैधानिक क्रियाकलाप बढिरहेकोले यस गाउँपालिकामा के कति सार्वजनिक जग्गा अतिक्रमण भएको छ सो को स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नका लागि तपसिल बमोजिमको अध्ययन प्रतिवेदन टोली गठन गर्ने निर्णय गरियो।

तपसिल:

१. संयोजक –उपाध्यक्ष, श्री उमा कुमारी लामा

२. सदस्य– प्र. प्र. अ. श्री रामचन्द्र लामा

३. सदस्य –सम्बन्धित वडाको वडाध्यक्ष

४. सदस्य- सम्बन्धित वडा हेर्ने प्रहरी प्रमुख, इन्द्रसरोवर गा.पा

५. सदस्य- प्रतिनिधि डिभिजन वन कार्यालय, इन्द्रसरोवर गा.पा

६. सदस्य– अमिन, श्री दिपेश वि. सी.

७. सदस्य सचिव- श्री सुरेश न्यौपाने, योजना तथा अनुगमन शाखा प्रमुख

७. अध्यक्ष रोजगार कार्यक्रमको बजेट बाँडफाड गर्ने सम्बन्धमा:

प्रस्ताव नं ७ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि यस गाउँपालिकामा सुचिकृत मध्येबाट छनोट भएका कामदारहरु मार्फत उक्त कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको सम्पूर्ण वडाहरुमा स्वीकृत योजनाहरुको कार्यान्वयन गर्नका लागि अध्यक्ष रोजगार कार्यक्रमको बजेट तपसिल बमोजिम विनियोजन गर्ने निर्णय गरियो।